# श्री गरिब कल्याण सामुदायिक वन उपभोक्ता समूह

## बढैयाताल गा.पा.-९,बर्दिया

### काठ ।दाउरा बोलपत्र द्धारालिलाम विक्रीको सूचना

प्रथम पटक प्रकाशन मिति २०८३।०३।२४ गते बुधबार यस समुहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार आ.ब २०८२।०८३ मा उत्पादन भई डिभिजन वन कार्यालय बर्दियाको च.न.५८७२, ५८७१ मिति २०८३।०३।१९ गतेको लिलाम सहमति पत्रानुसार समुहको घाटगद्धीमा रहेको निम्न परिमाणको गोलिया काठ । दाउरा हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरि बोलपत्र द्धारा लिलाम विक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ ।दाउरामा आधारित उद्योगले सन्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई नियमावली २०७९ को नियम १२८ बमोजिम सुचिकृत उद्योगले यो सूचना मिसन टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनको कार्यालय समय भित्र यस समुह वा डिभिजन वन कार्यालय बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरि २२ औं दिनको १२:०० बजे भित्र दाखिला गर्न आह्वान गरिन्छ ।

### तपसिल:

### वन पैदावारको विविरण:

**लट नं.१**

(RF को पाईल नं.१ र ३/TI को पाईल नं.२,४र ६)

| सि.न. | जात | ग्रेड | गोलिया थान | परिमाण( घ.फि.) | दर | न्युनतम मुल्य रु. | संकलन खर्च रु दर | संकलन खर्च रु जम्मा रु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | असना | A | ७ | १०८.४ | ४०० | ४३३४८ | १४४ | १५६०५.२८ | RF |
| | | B | १० | ८४.३३ | ३०० | २५२९९ | १४४ | १२१४१.५२ | RF |
| | | C | २० | ८६.६१ | १०० | ८६६१ | १४४ | १२४७१.८४ | RF |
| जम्मा | | | ३७ | २७९.३ | | ७७३०८ | | ४०२२०.६४ | |
| २ | साल | A | ५१ | ९७४.८ | १२५० | १२१८५५० | १४४ | १४०३७६.९६ | RF |
| | | B | ५० | ४२२.१ | ९०० | ३७९८६३ | १४४ | ६०७७८.०८ | RF |
| | | C | ६४ | १९१ | ६०० | ११४६१२ | १४४ | २७५०६.८८ | RF |
| | | D | ७ | ९.३३ | ३५० | ३२६५.५ | १४४ | १३४३.५२ | RF |
| जम्मा | | | १७२ | १५९७ | | १७१६२९१ | | २३०००५.४४ | |
| ३ | असना | A | १ | १५.६२ | ४०० | ६२४८ | १४४ | २२४९.२८ | TI |
| | | B | ३ | २६.०२ | ३०० | ७८०६ | १४४ | ३७४६.८८ | TI |
| | | C | १९ | ५४.५६ | १०० | ५४५६ | १४४ | ७८५६.६४ | TI |
| जम्मा | | | २३ | ९६.२ | | १९५१० | | १३८५२.८ | |
| ४ | कर्मा | A | १ | १३.७५ | ४०० | ५५०० | १४४ | १९८० | TI |
| | | B | ७ | ६३.५६ | ३०० | १९०६८ | १४४ | ९१५२.६४ | TI |
| | | C | ११ | ४८.३४ | १०० | ४८३४ | १४४ | ६९६०.९६ | TI |
| जम्मा | | | १९ | १२५.७ | | २९४०२ | | १८०९३.६ | |
| ५ | कुसुम | N | २७ | ३१४.२ | १०० | ३१४१८ | १४४ | ४५२४१.९२ | TI |
| ६ | जामुन | B | ५ | ५०.६८ | ३०० | १५२०४ | १४४ | ७२९७.९२ | TI |
| | | C | ४ | २०.४२ | १०० | २०४२ | १४४ | २९४०.४८ | TI |
| जम्मा | | | ९ | ७१.१ | | १७२४६ | | १०२३८.४ | |
| ७ | बनबबे | N | २३ | १६४.८ | १०० | १६४७५ | १४४ | २३७२४ | TI |
| ८ | बरौं | N | ३ | १८.१६ | २०० | ३६३२ | १४४ | २६१५.०४ | TI |
| ९ | साल | A | ३१ | ५८१.३ | १२५० | ७२६५६२.५ | १४४ | ८३७०० | TI |
| | | B | ३२ | ४४३.८ | ९०० | ३९९४२० | १४४ | ६३९०७.२ | TI |
| | | C | ६३ | ३४२.८ | ६०० | २०५६७४ | १४४ | ४९३६१.७६ | TI |
| | | D | १५५ | २९.३६ | ३५० | १०२७६ | १४४ | ४२२७.८४ | TI |
| जम्मा | | | २८१ | १३९७ | | १३४१९३३ | | २०११९६.८ | |
| १० | सिरिष | A | १ | १२.८४ | ३०० | ३८५२ | १४४ | १८४८.९६ | TI |
| | | B | १५ | ७४.२८ | २०० | १४८५६ | १४४ | १०६९६.३२ | TI |
| जम्मा | | | १६ | ८७.१२ | | १८७०८ | | १२५४५.२८ | |
| कुल जम्मा | | | ६१०.०० | ४१५०.९३ | | ३२७१९२२.०० | | ५९७७३३.९२ | |

| लट नं.२ | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | संकलन खर्च | | |
| सि.न. | जात | चट्टा | दर | न्युनतम मुल्य रु. | दर | जम्मा रु | |
| १ | साल दाउरा | ७ | १२००० | ८४००० | १०९०० | ७६३०० | |
| २ | साल अन्य मिश्रीत दाउरा | ११ | ८००० | ८८००० | १०९०० | ११९९०० | |
| जम्मा | | १८ | २०००० | १७२००० | २१८०० | १९६२०० | |

(२) **जम्मा** बोलपत्र खरिद दाखिला गर्नु पर्ने अन्तिम मिति र समय :

(क) खरिद गर्नुपर्ने अन्तिम मिति र समय : २०८३।०४।१२ गते कार्यालय समय भित्र

(ख) दाखिला गर्नुपर्ने अन्तिम मिति र समय : २०८३।०४।१३ गते दिनको १२:०० बजे भित्र

(३) बोलपत्र साथ कबोल गरेको रकमको १०% ले हुना आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समुहको नेपाल बैंक लि.गुलारिया शाखामा रहेको खाता नं.२४०००१००८१२९९५००००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा बैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ।

(४) बोलपत्र फारम लट नं १ को रु २०००/- र लट नं २ को रु १०००/- पछि फिर्ता नहुने गरि तिरी यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालय र डिभिजन वन कार्यालय बर्दियाबाट खरिद तथा दाखिला गर्न सकिनेछ ।

(५) लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस सामुदायिक वन उपभोक्ता समुहको घाटगद्धी स्थलमा गई हेर्न सकिनेछ ।

(६) लिलाममा भाग लिन काठ ,दाउरामा आधारित उद्योग सन्चालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली २०७९ को नियम १२८ बमोजिम सुचिकृत ईच्छुक उद्योगले बोलपत्र फाराम खरिद गर्दा नेपाली नागारिकताको प्रमाणपत्रको प्रतिलिपी ,उद्योग दर्ता प्रमाण पत्रको प्रतिलिपी ,मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र वा स्थायी लेखा नम्वर (पान) दर्ता प्रमाण पत्रको प्रतिलिपी कर दर्ता प्रमाण पत्रको प्रतिलिपी र उद्योग सुचीकृत भएको प्रमाण पत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

(७) निर्धारित न्युनतम सँख्याका र रीतपुर्वक पर्न आएका बोलपत्रहरु मिति **२०८३।०४।१४** गते यस समुहको कार्यालयमा दिउँसो २:०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ ।सो दिन सार्वजनिक विदा परेमा सो को लगतै भोतिपल्ट खोलिनेछ ।

(८) लिलाम स्विकृत भएपछि नियमानुसार साकार गरेको रकम तथा निर्धारित मुल्य अभिवृद्धि कर सङ्कलन खर्च बुझाई लिलाममा बढाएको वन पैदावार तोकिएको अवधिभित्र उठाएर लैजानु पर्नेछ ।

(९) बोलपत्रमा साकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

(१०) बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समुहमा निहित रहनेछ ।

# गाडापारीमा 'एक घर, एक धारा' बन्दै

मिसन संवाददाता
जुम्ला, २३ असार

तातोपानी गाउँपालिका-७ स्थित गाडापारी गाउँमा अब 'एक घर, एक धारा'को सपना पूरा हुने भएको छ। वर्षौंदेखि खानेपानीको चरम अभाव झेल्दै आएका स्थानीयवासी 'एक घर, एक धारा' बन्ने भएपछि खुसी भएका हुन्।

बृहत् खानेपानी तथा सरसफाइ योजना निर्माण सुरु भएसँगै दशकौंदेखि काकाकुल बनेका स्थानीयमा पानीको दुःख अन्त्य हुने आशा पलाएको छ। पहाडको टुप्पोमा रहेको विकट गाडापारी गाउँमा २७ घरधुरीका करिब १४५ जना स्थानीयले वर्षौंदेखि दैनिक दुईदेखि तीन घण्टा पैदल हिँडेर मूलबाट पानी ल्याउनुपर्ने बाध्यता झेल्दै आएका छन्। पानीकै अभावका कारण गाउँका अधिकांश घरमा शौचालयसमेत निर्माण हुन सकेको छैन।

स्थानीय चुमरे रावतले गाउँमा पानीको अभावले दैनिक जीवन नै कष्टकर बनेको बताए। दुई–तीन घण्टा हिँडेर पानी ल्याउनुपर्ने बाध्यताका कारण पानी नहुँदा शौचालय बनाउन पनि नसकिएको उनको भनाइ छ। 'कठिन भूगोल र लगानी अभावले पानीको समस्या हाम्रो नियतिजस्तै बनेको छ,' उनले भने, 'गाउँमा खानेपानी आयोजना निर्माण हुने खबरसँगै हामी उत्साहित बनेका छौं।'

स्थानीय जोखी रावतका अनुसार पानी अभावको सबैभन्दा ठूलो भार महिलाले बोक्दै आएका छन्। 'एक गाग्री पानी ल्याउन घण्टौं उकालो–ओरालो हिँड्नुपर्छ। बजारबाट तेल किनेर ल्याउनु सजिलो लाग्छ, तर



पानी जुटाउन निकै कठिन छ,' उनले भनिन्, 'अब आयोजना बनेपछि हाम्रो दुःख अन्त्य हुने आशा जागेको छ। योजनाको काम छिट्टै पुरा होस्।'

तातोपानी गाउँपालिका र जलवायु परिवर्तन स्थानीय अनुकूलन (एलएपी) परियोजनाको साझेदारीमा गाडापारीमा खानेपानी तथा सरसफाइ योजना निर्माण हुन लागेको हो। करिब ५३ लाख रुपैयाँको लागतमा सञ्चालन हुने योजनामार्फत २७ घरधुरी र कोपिला आधारभूत विद्यालयमा खानेपानी सुविधा पुऱ्याइने लक्ष्य राखिएको छ।

योजनाको कूल लागत ५३ लाखभन्दा बढी रहेको छ। जसमा तातोपानी गाउँपालिकाको १६ लाख एक हजार, फिनल्याण्ड सरकार र युरोपेली संघ (ईयू)को अनुदानबाट १४ लाख १४ हजार, नेपाल सरकारको १२ लाख एक हजार र उपभोक्ताको १० लाख ६७ हजार बराबरको जनश्रमदान रहनेछ।

खानेपानी योजनाका सचिव हरिबहादुर रावतले गाडापारी उत्पादनका हिसाबले आत्मनिर्भर भए पनि पानी अभावले वर्षौंदेखि सास्ती खेप्नुपरेको बताए। 'तेल र नुनबाहेक सबै खाद्यान्न गाउँमै उत्पादन हुन्छ। तर पानी नहुँदा जीवन निकै कष्टकर छ,' उनले भने, 'अब त्यो समस्या अन्त्य हुने आशा जागेको छ। योजना सम्झौता, सामग्री खरिदलगायतका प्रक्रिया पूरा भइसकेका छन्। अब निर्माण कार्य धमाधम सुरु होस्।'

योजना निर्माणअघि एलएपी परियोजनाले गाउँमै पुगेर घरधुरी सर्वेक्षण गरेको थियो। परियोजनाकी सामाजिक परिचालक रामदेवी चनाराले पानी अभावकै कारण गाउँका कुनै पनि घरमा शौचालय नभएको बताइन्। वर्षौंदेखि खानेपानीको पर्खाइमा रहेका स्थानीय योजना कार्यान्वयनलाई लिएर उत्साहित रहेको उनले जानकारी दिइन्।

तातोपानी गाउँपालिका अध्यक्ष नन्दप्रसाद चौलागाईंले भेरीखोला क्षेत्रलाई विशेष प्राथमिकतामा राखेर विकासका कार्यक्रम सञ्चालन गरिएको बताए। 'गाडापारी भौगोलिक रूपमा अत्यन्त विकट बस्ती भएकाले पानीको स्रोत हुँदाहुँदै पनि लगानी अभावका कारण स्थानीयले सास्ती भोग्नुपरेको थियो,' उनले भने, 'अब खानेपानी आयोजना निर्माणसँगै गाडापारीका स्थानीयको वर्षौंदेखिको समस्या समाधान हुने विश्वास गरेका छौं।'

# स्थानीयस्तरको मौसम पूर्वानुमानमा चुनौती

नन्दराम जैशी
सुर्खेत, २३ असार

पछिल्लो समय जलवायु परिवर्तनका कारण मौसमीय विपद् बढ्दै गइरहेको छ भने कर्णाली प्रदेशका सबै स्थानीय तहमा मौसम मापन केन्द्र विस्तार हुन नसक्दा स्थानीयस्तरको मौसम पूर्वानुमान तथा विपद् जोखिम व्यवस्थापनमा चुनौती देखिएको छ।

प्रदेशका ७९ स्थानीय तहमध्ये हालसम्म ४६ स्थानीय तहमा मात्र मौसम मापन केन्द्र सञ्चालनमा रहेका छन् भने बाँकी ३२ स्थानीय तह अझै पनि यस्तो पूर्वाधारबाट वञ्चित छन्। जल तथा मौसम विज्ञान कार्यालय सुर्खेतका प्रमुख डा. इन्दिरा कँडेलका अनुसार कर्णालीभर हाल ४६ स्थानीय तहका ७१ स्थानमा मौसम मापन केन्द्र र ३१ वटा जलमापन केन्द्र सञ्चालनमा छन्।

तर दुई वटा जलमापन केन्द्र आवश्यक जनशक्तिको अभावका कारण सञ्चालनमा आउन सकेका छैनन्। यसले नदीको बहाव, बाढीको सम्भावित जोखिम तथा वर्षासम्बन्धी तथ्यांक संकलनमा समेत असर परेको छ। मौसम पूर्वाधार विस्तारसँगै यसको नियमित सञ्चालन र प्राविधिक व्यवस्थापन पनि उत्तिकै चुनौतीपूर्ण बनेको छ। यसको उदाहरण दैलेख र सुर्खेतको सिमानास्थित गुराँसेमा रहेको मौसम राडार केन्द्र हो, जुन चट्याङले क्षति पुऱ्याएपछि विगत दुई वर्षदेखि बन्द अवस्थामा छ।

यो राडार कर्णाली, लुम्बिनी र सुदूरपश्चिम प्रदेशको मौसमीय गतिविधि निगरानी गर्ने महत्वपूर्ण



पूर्वाधारका रूपमा स्थापना गरिएको थियो। राडार बन्द हुँदा पश्चिम नेपालमा विकसित हुने वर्षा प्रणाली, आँधी, मेघगर्जन तथा अन्य मौसमी गतिविधिको वास्तविक समयको निगरानीमा प्रत्यक्ष असर परेको छ। डा. कँडेलका अनुसार राडार सञ्चालनका लागि आवश्यक उपकरण विदेशबाट खरिद भइसकेका छन्। तर ती उपकरण जडान गर्ने दक्ष प्राविधिक जनशक्ति नेपालमा उपलब्ध नहुँदा सञ्चालनमा ढिलाइ भइरहेको छ।

आगामी आर्थिक वर्षभित्र उपकरण जडान गरी राडार पुनः सञ्चालनमा ल्याउने तयारी भइरहेको डा. इन्दिरा कँडेलले जानकारी दिइन्।

उनका अनुसार मौसम मापन केन्द्रको सञ्जाल अपूर्ण हुँदा स्थानीय तहमा हुने मौसमीय परिवर्तनको यथार्थ विश्लेषण गर्न कठिन हुने गरेको छ। एउटै जिल्लाभित्र पनि भौगोलिक बनावटका कारण मौसममा ठूलो भिन्नता देखिने कर्णालीमा पर्याप्त मापन केन्द्र नहुँदा पूर्वानुमानको सूक्ष्मता प्रभावित हुने गरेको छ। यसको प्रत्यक्ष असर कृषि, हवाईसेवा, सडक यातायात, जलस्रोत व्यवस्थापन तथा विपद् पूर्वतयारीमा पर्ने गरेको छ।

कर्णाली प्रदेश प्राकृतिक विपद्को उच्च जोखिममा रहेको क्षेत्र मानिन्छ। बाढी, पहिरो, हिमपात, चट्याङ र अतिवृष्टिजस्ता घटनाको जोखिम बढ्दै गएका बेला वैज्ञानिक मौसम सूचना अझै अपरिहार्य बन्दै गएको छ। तर आवश्यक पूर्वाधार विस्तारको गति अपेक्षाकृत सुस्त देखिन्छ।

यसैबीच कर्णाली प्रदेश सरकारले मौसम पूर्वाधार विस्तारलाई प्राथमिकतामा राख्ने जनाएको छ। प्रदेशका प्रमुख सचिव वीरेन्द्रकुमार यादवले मौसम मापन केन्द्र नभएका स्थानीय तहमा आवश्यक उपकरण व्यवस्थापनका लागि प्रदेश सरकारले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे। उनका अनुसार मौसम सूचना प्रणालीलाई स्थानीय तहसम्म विस्तार गर्न संघीय सरकारसँग समेत समन्वय गरिनेछ।

'मौसम मापन केन्द्रको विस्तार तथ्यांक संकलनको विषय मात्र होइन। यसले विपद् जोखिम न्यूनीकरण, जनधनको सुरक्षा र विकास योजनाको प्रभावकारितासँग प्रत्यक्ष सम्बन्ध राख्छ,' उनले भने, 'त्यसैले बाँकी ३२ स्थानीय तहमा शीघ्र मौसम मापन केन्द्र स्थापना गर्न आवश्यक छ। सञ्चालनमा रहेका केन्द्रको नियमित मर्मत, दक्ष जनशक्ति व्यवस्थापन र अत्याधुनिक प्रविधिको उपयोगलाई समान प्राथमिकता दिनुपर्ने देखिन्छ।'

# कालिमाटीको ५३ करोडको बजेट सर्वसम्मत पारित

मिसन संवाददाता
सल्यान, २३ असार

जिल्लाको कालिमाटी गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८३-०८४ का लागि ५३ करोड ४५ लाख ३० हजार रुपैयाँको बजेट, नीति तथा कार्यक्रम सर्वसम्मत रूपमा पारित गरेको छ।

गाउँपालिका अध्यक्ष दानबहादुर केसी मोटरसाइकल दुर्घटनामा घाइते भएपछि असार १० गतेका लागि तय गरिएको २०औं गाउँसभा स्थगित भएको थियो। उपचारपछि अध्यक्ष केसी गाउँपालिकामा फर्किएसँगै सोमबार बसेको गाउँसभाले कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधार, खानेपानी, पर्यटन, डिजिटल सेवा र सुशासनलाई प्राथमिकतामा राख्दै आगामी वर्षको बजेट तथा कार्यक्रम अनुमोदन गरेको हो।

गाउँसभालाई सम्बोधन गर्दै अध्यक्ष केसीले स्थानीय तह स्थापना हुँदा कालिमाटी जिल्लाकै विकट क्षेत्रका रूपमा चिनिने गरेको स्मरण गर्दै पछिल्ला वर्षहरूमा गाउँपालिकाले विकासका विभिन्न क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गरेको बताए। उनका अनुसार सडक सञ्जाल विस्तार, विद्युत् पहुँच, खानेपानी, शिक्षा, स्वास्थ्य, सञ्चार, सिँचाइ, कृषि, पशुपालन, पर्यटन तथा अन्य पूर्वाधार विकासमा महत्वपूर्ण उपलब्धि हासिल भएको छ।

'हामीले धेरै उपलब्धि



हासिल गरेका छौं। तर अझै धेरै काम गर्न बाँकी छ,' अध्यक्ष केसीले भने, 'हालसम्मको विकास यात्रामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा योगदान गर्ने सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी र नागरिक समाजप्रति हार्दिक आभार व्यक्त गर्दछु।'

गाउँसभामा उपाध्यक्ष शनखिला वली डिसीले आर्थिक वर्ष २०८३-०८४ को बजेट तथा आर्थिक ऐन प्रस्तुत गरेकी थिइन् भने वडा नं. ५ का अध्यक्ष टोपबहादुर कार्कीले नीति तथा कार्यक्रम पेस गरेका थिए। विस्तृत छलफल र आवश्यक संशोधनपछि सबै प्रस्ताव सर्वसम्मत रूपमा पारित भएको गाउँसभा सचिव तथा प्रमुख प्रशासकीय अधिकृत हर्कबहादुर वलीले जानकारी दिए।

पारित बजेटअनुसार संघीय सरकारबाट वित्तीय समानीकरण अनुदानतर्फ ११ करोड २२ लाख, राजस्व बाँडफाँटबाट १४ करोड ७२ लाख ३९ हजार, समपूरक अनुदानबाट एक करोड ९३ लाख र सशर्त अनुदानबाट १८ करोड ७५ लाख रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ।

त्यसैगरी कर्णाली प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान एक करोड ३३ लाख २८ हजार, राजस्व बाँडफाँट २१ लाख ११ हजार, सशर्त अनुदान दुई करोड तीन लाख ५२ हजार, समपूरक अनुदान एक करोड १८ लाख रुपैयाँ र विशेष अनुदान ५० लाख रुपैयाँ प्राप्त हुने प्रक्षेपण गरिएको छ। गाउँपालिकाले आन्तरिक राजस्वबाट ५७ लाख रुपैयाँ संकलन गर्ने र बैंक मौज्दातबाट एक करोड रुपैयाँ उपयोग गर्ने लक्ष्य पनि राखेको छ।

नीति तथा कार्यक्रममा कृषि उत्पादन वृद्धि तथा व्यवसायीकरण, खानेपानी र सिँचाइ विस्तार, गुणस्तरीय शिक्षा, प्रभावकारी स्वास्थ्य सेवा, सडक तथा पुल निर्माण र रोजगार सिर्जनालाई जोड दिइएको छ। यस्तै पर्यटन प्रवर्द्धन, वातावरण संरक्षण, विपद् व्यवस्थापन, डिजिटल सेवा विस्तार, सुशासन र सामाजिक सुरक्षालाई उच्च प्राथमिकतामा राखिएको छ।

यसैबीच गाउँसभाले न्यायिक समिति, सामाजिक विकास समिति तथा अन्य विषयगत समितिहरूले प्रस्तुत गरेका वार्षिक प्रतिवेदनहरू पनि पारित गरेको गाउँपालिकाका प्रशासकीय अधिकृत यज्ञबहादुर खत्रीले जानकारी दिए। स्थानीय सरकार सञ्चालनको नौ वर्षमा आधारभूत पूर्वाधार विस्तार र सेवा प्रवाहमा उल्लेखनीय सुधार गरेको कालिमाटी गाउँपालिकाले जनाएको छ। आगामी वर्षको बजेटमार्फत विकासको यात्रालाई अझ तीव्र बनाउने लक्ष्य लिइएको छ।

## विपन्न बालबालिकालाई छात्रवृत्ति सहयोग

**दैलेख।** जिल्लाको दुल्लु नगरपालिकामा आर्थिक रूपमा विपन्न तथा शैक्षिक पहुँच सुदृढ गर्ने उद्देश्यसहित ९० जना बालबालिकालाई छात्रवृत्ति तथा शैक्षिक सामग्री वितरण गरिएको छ।

आवाज संस्थाको आयोजनामा दुल्लु नगरपालिका-११, १२ र १३ का ३०/३० जना गरी कूल ९० जना बालबालिकालाई प्रतिविद्यार्थी चार हजार रुपैयाँ बराबरको छात्रवृत्ति तथा शैक्षिक सामग्री हस्तान्तरण गरिएको हो। वितरण गरिएका सामग्रीमा विद्यालय झोला, स्कुल ड्रेस, जुत्ता, कपी, पेन, क्यालकुलेटर, ज्यामिति बक्स, सिसाकलम र सिसाकलम कटर लगायत नौ प्रकारका सामग्री समावेश रहेका थिए।

कार्यक्रममा बालसुलभ केन्द्रका विद्यार्थी, अभिभावक, जनप्रतिनिधि तथा सरोकारवाला गरी १६१ जनाको सहभागिता रहेको थियो। कार्यक्रमको अध्यक्षता दुल्लु नगरपालिकाकी उपप्रमुख बिना कार्कीले गरेकी थिइन् भने प्रमुख अतिथिका रूपमा नगरप्रमुख भरतप्रसाद रिजाल सहभागी थिए।

साथै वडा नं. ११, १२ र १३ का वडाध्यक्षहरूको समेत उपस्थिति रहेको थियो। कार्यक्रमलाई सम्बोधन गर्दै नगरप्रमुख रिजालले आवाज संस्थाले बालबालिकाको अधिकार, शिक्षा तथा संरक्षणका क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएको बताए। यस्ता सामाजिक अभियानलाई नगरपालिकाले आगामी दिनमा पनि आवश्यक सहयोग, समन्वय र सहकार्य गर्दै जाने उनले प्रतिबद्धता व्यक्त गरे। त्यसैगरी, उपप्रमुख कार्कीले संस्थाले लैङ्गिक हिंसा न्यूनीकरण, बालविवाह अन्त्य तथा बालअधिकार प्रवर्द्धनका क्षेत्रमा सञ्चालन गर्दै आएका कार्यक्रम उदाहरणीय रहेको बताउँदै संस्थाप्रति धन्यवाद व्यक्त गरिन्। उनले यस्ता कार्यक्रमले समुदायमा सकारात्मक सन्देश प्रवाह गर्नुका साथै बालबालिकाको शैक्षिक भविष्य सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरिन्।

कार्यक्रममा सहभागी जनप्रतिनिधि, अभिभावक तथा अन्य सरोकारवालाहरूले पनि आवाज संस्थाले समुदायस्तरमा सञ्चालन गरेका बालकेन्द्रित कार्यक्रमहरूको खुलेर प्रशंसा गरेका थिए। उनीहरूले छात्रवृत्ति तथा शैक्षिक सामग्री वितरणले आर्थिक रूपमा कमजोर परिवारका बालबालिकालाई विद्यालय शिक्षामा निरन्तरता दिन थप प्रेरणा मिल्ने विश्वास व्यक्त गरे।

आयोजकका अनुसार उक्त कार्यक्रमको मुख्य उद्देश्य आर्थिक अभावका कारण शिक्षाबाट वञ्चित हुने जोखिममा रहेका बालबालिकालाई विद्यालयमा नियमित अध्ययनका लागि आवश्यक सहयोग उपलब्ध गराउनुका साथै बालमैत्री समाज निर्माणमा टेवा पुऱ्याउनु रहेको जनाएको छ।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनी विघटन दर्ता खारेजी गरिएको सूचना

लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रिको सूचना
श्री गरिङ कन्याङ्ग सामुदायिक वन उपभोक्ता समूह

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनी दर्ता खारेज गरिएको सूचना

लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी सूचना

Malaysia मा रोजगार BAN LIAN NEW SECOND HAND AUTO SUPPLY CO.SDN. BHD.
LT No.: 344599

| क्र.सं. | कामदारको पद | पुरुष | महिला | R/M | ने.रु. |
| --- | --- | --- | --- | --- | --- |
| १ | Labour | 10 | 0 | 1700 | 63,9051- |

अन्तरवार्ता २०८३ असार ३१ गते (15 July, 2026) यस प्रा. लि. को कार्यालय बालुवाटार, काठमाडौंमा हुनेछ।
कस्तुरी ईन्टरनेशनल सर्भिस प्रा. लि.
बालुवाटार (शिवपुरी स्कूल अगाडि) काठमाडौं, फोन: ४३७१४५८, ४५३१६६७
सम्पर्क व्यक्ति : ९८०३३६८५७२ (कविता खड्का), Email : kasturi128@hotmail.com

Malaysia मा रोजगारको अवसर EMFORCE Sdn Bhd, Malaysia, Jalan SJ6 Taman

| क्र.सं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रु. |
| --- | --- | --- | --- | --- | --- |
| १ | SECURITY | 26 | 00 | 1700 | 63,933 |

फाइनल अन्तरवार्ता २०८३ असार ३१ (15 July, 2026) गते यस प्रा. लि. को कार्यालयमा हुनेछ।
ए एम बि ह्युम्यान रिसोर्स प्रा. लि.
बसुन्धरा ३ (Opposite to Active College) काठमाण्डौ
फोन नं.: ४३९०२०८ E-mail: ambhumanr@gmail.com
Lic.No. 852/067/068